## परिचय

काठमाडौं जिल्लाको दक्षिण क्षेत्रमा रहेको नवघोषित यस दक्षिणकाली नगरपालिका ऐतिहासिक, धार्मिक र सांस्कृतिक, पर्यटकीय स्थलका रूपमा परिचित रहेको छ । पूर्वमा ललितपुर जिल्ला, पश्चिममा मकवानपुर जिल्ला, उत्तरमा कीर्तिपुर, चन्द्रागिरी नगरपालिका र दक्षिणमा मकवानपुर जिल्ला रहेको यस दक्षिणकाली नगरपालिकाको घोषणा मिति २०७१ मंसिर १६ गते नेपाल सरकार, मन्त्रीपरिषद्को निर्णयानुसार साविक चाल्नाखेल, सेतिदेवी, शेषनारायण, दक्षिणकाली, टल्कु डुडेचौर र छैमले गा.वि.स.लाई समेटेर स्थापना भएको हो । देशको राजधानी काठमाडौं उपत्यकादेखि करिव १८ कि.मी.को दुरीमा यो नगरपालिकाको कार्यालय रहेको छ ।




यस नगरपालिकामा धार्मिक तथा ऐतिहासिक पवित्र शक्तिपिठ, धार्मिक स्थलहरू लगायत विभिन्न मौलिक संस्कृति, प्राकृतिक सम्पदाले भरिपूर्ण रहेकोले पर्यटनको प्रचुर सम्भावना बोकेको छ । ऐतिहासिक महत्व बोकेको सांस्कृतिक सम्पदाले भरिपूर्ण संस्कृतिको अनुपम नमूना हो दक्षिणकाली नगरपालिका ।

जैविक विविधता तथा प्राकृतिक सम्पदाले भरिपूर्ण र विविध जातजाति, भाषाभाषी र धर्मावलम्बीहरूको साझा बसोबास यस स्थानमा रहेको छ । एसियाकै दोश्रो तथा नेपालको प्रथम जलविद्युत आयोजना चन्द्रज्योति जलविद्युत गृह यस नगरपालिकामा अवस्थित रहेको छ । यस नगरपालिका धार्मिक, पर्यटकीय तथा आर्थिक रूपले आफैमा आत्मनिर्भर रहन प्रचुर सम्भावना बोकेको छ । सांस्कृतिक रूपमा मनाइने श्री हरिशंकर जात्रा तथा बज्रयोगिनी जात्रा यस नगरपालिकको प्रमुख पर्वहरूमा पर्दछन् ।

हिन्दुहरूको शक्तिपिठ दक्षिणकाली मन्दिर, गोपालेश्वर मन्दिर, शेषनारायण मन्दिर बौद्धमार्गीहरूका लागि पद्मशम्भवले तपस्या गरेको असुरा गुफा तथा ह्याङलासी गुम्बा काठमाडौं जिल्लाकै सबैभन्दा अग्लो वाणासुर डाँडा (२२७८ मी.), पञ्जल गणेश, कटुवाल दह, पर्यटनको विकासका लागि चाल्नाखेलको बोसनडाँडा, हात्तिवन डाँडा, छैमलेको जातीपोखरी, सेतिदेवी मन्दिर, बज्रयोगिनी तथा गोरखनाथ मन्दिर, पौराणिक फर्पिङको नेवारी बस्ती, झम्केश्वरी मन्दिर आदि क्षेत्रमा रहेका छन् ।

दक्षिणकाली नगरपालिकाको ऐतिहासिक तथा धार्मिक पृष्ठभूमि केलाउँदा दक्षिणकाली मन्दिर तथा प्राचिन बस्ती रहेको फर्पिङ शहर (शिखरापुर नगर) दुवैको आ-आफ्नो महत्व रहेको छ । पौराणिक, धार्मिक इतिहास अनुसार भगवान श्रीकृष्णबाट चरण स्पर्श भएको पुण्यभूमि तथा बौद्ध ग्रन्थ अनुसार बोधिसत्व पद्मशम्भवको तपस्या स्थल तथा हिन्दुहरूको आध्यदेवी पवित्र धार्मिक तिर्थस्थल माता श्री दक्षिणकाली मन्दिरको नामबाट यस नगरपालिकाको नामाकरण भएको हो ।

## पृष्ठभूमि

नेपाल सरकारको सरसफाई गुरू योजना २०६८ को लक्ष्य अनुरुप सन् २०१७ सम्ममा नेपाल देशलाई पूर्ण दिसामुक्त क्षेत्र घोषणा गरि स्वच्छ, सफा देश नेपाल स्थापित गर्ने अपेक्षाका हामी हाम्रो यस दक्षिणकाली नगरपालिकालाई खुल्ला दिसामुक्त क्षेत्र घोषणा गर्न लागेका होऔं । यस नगरबासी सबैको घरमा शौचालय नभएको अवस्थामा रहेतापनि सार्वजनिक स्थानमा खुल्ला दिसापिसाब गरी रहेको अवस्था थिएन । एक अर्को घरसँग मिलेर शौचालय प्रयोग गर्ने वा अस्थायी शौचालय प्रयोग गरेका थिए तर हाल सबै घरधुरीमा सुलभ शौचालयको व्यवस्था भएको र औपचारिक रूपमा घोषणा गर्नुपर्ने नीतिगत निर्णय भएको कारण आज यस दक्षिणकाली नगरपालिकालाई खुल्ला दिसामुक्त (ODF) नगर घोषणा गर्ने औपचारिक कार्यक्रम गरिएको हो ।हामी आज यो घोषणा सभा गर्नु पूर्व यस नगरपालिकामा क्रियाशिल राजनैतिक दल, सामाजिक संघ-संस्था, क्लब, महिला संजाल, आमा समूह, वडा नागरिक मञ्च लगायत सबै सरोकारवालाहरूको सभाबाट मिति २०६९/०३/१० गते गा.वि.स. स्तरीय सरसफाई तथा स्वच्छता समिति (V-WASH-CC) को गठन गरिएको थियो । मिति २०७१/०८/१६ गते नगरपालिकाको घोषणासँगै नगरपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति (M-WASH-CC) गठन गरिएको र हाल स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि बहालीसँगै M-WASH-CC लाई पुर्नगठन गरिएको हो । यसै समितिको सक्रिय पहलमा सबै सरोकारवालाहरूको सहकार्यपूर्ण सहभागितामा विधिवतजन-चेतनामूलक कार्यक्रमहरू अनुसार प्रचार प्रसारका साथ-साथै गाउँ, टोल, गल्ली एवं सबै सार्वजनिक स्थलहरूको रूपमा सरसफाई अभियान सञ्चालन गरी सधै सफा, स्वच्छ राख्ने काम गर्ने छौं ।

## आचार संहिता एवम् प्रतिवद्धता

दक्षिणकाली नगरपालिका खुल्ला दिसामुक्त क्षेत्र घोषणा भइसकेपछिको अवस्थामा पालना गर्नुपर्ने सरसफाई आचार संहिता एवम् प्रतिवद्धताः

१. मिति २०७४/०९/१४ गतेदेखि यस नगरपालिका भित्रका प्रत्येक घरधुरीले सुलभ शौचालयमा दिसापिसाब गर्नुपर्नेछ । शौचालयको नियमित रूपमा सरसफाई गर्नुपर्नेछ ।

२. घर-आँगन वरपर सार्वजनिक स्थलहरू बाटोघाटो, खोलानाला, वनजंगलमा फोहोर फाल्न तथा दिसापिसाब गर्न पाइने छैन ।

३. यस नगरपालिका भई आवत जावत गर्ने भाडाका तथा अन्य सवारी साधनहरूले सार्वजनिक शौचालय भएको स्थानमा मात्र सवारी साधन रोकी दिसापिसाब गर्न गराउनुपर्नेछ । साथै यात्रुहरूबाट यात्राका क्रममा निस्कने सड्ने नसड्ने फोहोरहरूको उचित व्यवस्थापन गरी तोकिएको स्थानमा बाहेक सार्वजनिक स्थलमा विसर्जन गर्न पाइने छैन ।

४. उद्योग, कलकारखाना, ईट्टाभट्टा, व्यवसायिक फार्म साथै नवनिर्मित संरचनाका कामदारहरूलाई ध्यानमा राखी